आर्थिक वर्ष : २०७९/८०
बैठक संख्या : ११

आज मिति २०७९/११/२६ गतेका दिन विरुवा गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुंवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री डन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक कुमाल योजना शाखा प्रमुख

मिति २०७९/११/२६

निर्णय नं. १

विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणका लागि श्री गिता/क्रियटिभ जे.भी. संग मिति २०७७/03/३0 मा भएको भवन निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/AB/003/2076/77) बमोजिमको निर्माण कार्य कोभिड १९, मनसुनको प्रभाव, निर्माण व्यावसायीहरुले गरेको Construction Holiday लगायत विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेको जानकारी गराउदै निर्माण कम्पनीले निर्माण समयावधी (म्याद) थपका लागि अनुरोध गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौं संशोधनको दफा १२०(क) बमोजिम विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणको निर्माण समयावधी म्याद समाप्त भएको मितिले ६ महिना (२०८० भाद्र मसान्त) सम्मका लागि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. २

विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणका लागि श्री गिता/क्रियटिभ जे.भी. संग मिति २०७७/०३/३० मा भवन निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/AB/003/2076/77) भई निर्माण कार्य भईरहेको प्रशासकीय भवनमा निर्माणका क्रममा आवश्यकता अनुरुप भएको थप कामको Variation Order को लागि प्रक्रिया अगाडी बढाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ३

विरुवा गाउँपालिकाभित्रका विभिन्न वडाहरुमा अविरल वर्षा र पहिरोको कारण अवरुद्ध भई प्राविधिक लगत ईस्टीमेट र मूल्याङ्कनका आधारमा तपसिल मोटरबाटोहरु सरसफाईको क्रममा भएको निम्नानुसारको रकम आकस्मिक परिस्थितिजन्य निर्माण उद्धार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

तपसिल :

- माथिल्लो बलेउ तल्लो बलेउ सडक सरसफाई, विरुवा ६ र ७ - रु २३५३२/-
- तल्लो बलेउ भालुखोला राम्कीथुम्की सडक सरसफाई, विरुवा ६ र ७- रु २२१४८/-

CamScanner